# राजस्व अनुसन्धान विभाग
## वार्षिक प्रतिवेदन आ. ब. २०६३/६४

**ऐतिहासिक पृष्ठभूमि :**

**राजस्व अनुसन्धान महाशाखा**

वि. सं. २०१८/१९ साल तिर भन्सार निवारण टोलीको नामबाट प्रथम पटक राजस्व अनुसन्धान सम्बन्धी संस्थागत विकासको शुरुवात भएको पाइन्छ । तर यसबाट पनि अपेक्षित परिमाण प्राप्त भएन, प्रिभेन्टिभ अफिसर र भन्सार अधिकृत वीच समन्वयको अभाव देखियो । २०३० सालमा भन्सार कार्यालयको नियन्त्रण एवं निगरानीमा भन्सार रेखदेख टोली गठन गरियो । यसबाट पनि सन्तोषजनक परिणाम प्राप्त नभएपछि तत्कालीन श्री ५ को सरकारको निर्णयानुसार सो टोलीलाई गृह मन्त्रालय अन्तर्गत राखी जिल्ला प्रशासन सीमा इकाइमा आबद्ध गरी भन्सार चोरी निकासी पैठारी नियन्त्रण कार्यको प्रारम्भ गरियो । यसमा पनि समन्वयको अभावले गर्दा प्रभावकारी कार्य हुन सकेन । तत्पश्चात् भन्सार रेखदेख टोलीलाई अञ्चलाधिशको मातहतमा राख्ने र टोली सञ्चालन एवं नियन्त्रण स्थानीय भन्सार अधिकृतसंग समन्वय राखी कार्य सञ्चालन गर्ने व्यवस्था गरिएको पाइन्छ । २०४७ सालमा अञ्चलाधिश पद खारेज भएपछि गस्ती टोलीको नियन्त्रण अर्थ मन्त्रालय, राजस्व अनुसन्धान महाशाखाबाट गर्ने व्यवस्था मिलाइयो । यसबाट पनि प्रभावकारी उपलव्धि हासिल नभएकोले त्यसलाई अलग्गै विभाग स्थापना गरी प्रभावकारी बनाउन २०५० सालमा राजस्व अनुसन्धान विभागको स्थापना गरियो । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को कार्यान्वयनको लागि कानुनतः राजस्व अनुसन्धान विभागलाई जिम्मेवारी दिइयो । परम्परागत रुपमा राजस्वको प्रमुख श्रोतको रुपमा भन्सार महसुललाई मानिदै आएबाट राजस्व चुहावट नियन्त्रण कार्य पनि भन्सार केन्द्रित हुंदै आएको छ । राजस्व अनुसन्धान विभाग स्थापना पूर्वको इतिहास समेत राजस्व चुहावट नियन्त्रण भन्सार केन्द्रित नै देखिन्छ ।

**राजस्व अनुसन्धान विभाग**

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले वि. सं. २०४७ सालमा तत्कालीन श्री ५ को सरकारले भन्सार गस्ती टोलीले गर्दै आएको कार्यसमेत अर्थ मन्त्रालय अन्तर्गत राजस्व अनुसन्धान महाशाखाबाट गर्ने गरी भन्सार, चोरी पैठारी, विदेशी विनिमय र राजस्व चुहावटसंग सम्बन्धित भ्रष्टाचारको कसुर सम्बन्धी अनुसन्धान तथा तहकिकात समेतका विषयहरुको छानवीन गर्दै

आएकोमा यसरी त्यस्तो चुहावट नियन्त्रण कार्य अर्थ मन्त्रालयको एउटा महाशाखाबाट मात्र प्रभावकारी रुपले सम्पादन गर्न नसक्ने महसुस गरी २०५० सालदेखि उक्त महाशाखालाई राजस्व अनुसन्धान विभागमा परिणत गरियो । पछि आएर सरकारले कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्न राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ तर्जुमा गरी २०५३ वैशाख १ गतेदेखि लागू गरेपश्चात यस विभागले राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्ने कानुनी रुपमा जिम्मेवारी पुरा गर्दै आएको छ । यसका अतिरिक्त तत्कालीन श्री ५ को सरकारबाट नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको आधारमा विदेशी विनिमय सम्बन्धी कसुरको अभियोगमा अनुसन्धान तथा मुद्दा दायर समेत गर्दै आएको छ ।

## विभागको उद्देश्य

- सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्ने,
- आर्थिक विकास द्रुतत्तर गतिले गर्नको निमित्त बढी भन्दा बढी राजस्व परिचालन गर्ने,
- कर राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गर्ने,
- राजस्व संकलनमा वृद्धि गर्ने कार्यलाई प्रवर्द्धन गर्ने ।

## संगठनात्मक संरचना

विभागको प्रमुखमा राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) को महानिर्देशक रहेको । निज मातहत राजपत्रांकित प्रथम श्रेणी (प्रशासन सेवा) कै एक जना उप-महानिर्देशक, राजस्व समुह तर्फका राजपत्रांकित द्वितीय श्रेणीका निर्देशक दुई जना, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत ५ जना, लेखा समुह तर्फको राजपत्रांकित तृतीय श्रेणीको लेखा अधिकृत एक जना, न्याय सेवा, सरकारी वकिल समुह तर्फको राजपत्रांकित तृतीय श्रेणीको जिल्ला न्यायाधिवक्ता १ जना र राजपत्र अनंकित तर्फ २३ जना, गस्ती तर्फ १४ जना, सवारी चालक ६ जना तथा परिचर ३ जना गरी विभागमा जम्मा ५७ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।

विभाग मातहत पूर्वाञ्चल क्षेत्रको लागि इटहरी, मध्यमाञ्चल क्षेत्रको लागि पथलैया, पश्चिमाञ्चल क्षेत्रको लागि बुटवल र मध्य तथा सुदूर पश्चिमाञ्चलका लागि कोहलपुरमा एक एक क्षेत्रीय स्तरको इकाई कार्यालयहरु रहेका छन् । ती सबै इकाई कार्यालयहरुको प्रमुखमा राजपत्रांकित द्वितीय श्रेणी, प्रशासन सेवा, राजस्व समुहका उप-सचिवस्तरका प्रमुख अनुसन्धान अधिकृत रहने र १/१ जना अधिकृत स्तरको अनुसन्धान अधिकृत र अन्य राजपत्र अनंकित कर्मचारीहरु तथा गस्ती कर्मचारीहरुको स्वीकृत दरवन्दी रहेको छ ।

**<u>सम्पादन गरिने मुख्य मुख्य कार्यहरु</u>**

- राजस्व चुहावट गरेको पाइएमा विभाग आफैले अनुसन्धान गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार जिल्ला अदालतमा मुद्धा दायर गर्ने ।
- भन्सार कार्यालयबाट जांचपास भै आएका सामानहरु चेकजांच गरी भन्सार महसुल नतिरेको वा कम तिरेको पाइएमा भन्सार ऐन अनुसार कारवाही गर्ने ।
- मू. अ. कर ऐन अनुसार तिर्नु पर्ने राजस्व तिरेको नपाइएमा मू. अ. कर ऐन बमोजिम कारवाही गर्ने ।
- भन्सार क्षेत्र वाहिरबाट चोरी पैठारी गरी ल्याएका सामान कव्जामा लिई भन्सार चोरी पैठारीमा कारवाही गर्ने ।
- राजस्व चुहावट भएको सूचना प्राप्त भएमा वा प्रारम्भिक अनुसन्धानबाट राजस्व चुहावट भएको पाइएमा अनुसन्धान गरी नियमानुसार कर निर्धारण गर्न सम्बन्धित विभाग एवं सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउने ।
- राजस्व चुहावट कार्यमा कर्मचारी समेतको मिलोमतो भएको पाइएमा कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- राजस्व चुहावट नियन्त्रण गर्न कुनै नियम कानुनमा संशोधन गर्नु पर्ने भएमा वा राजस्व चुहावट नियन्त्रण सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय सुझाव दिने ।
- राजस्व चुहावट हुन सक्ने क्षेत्रहरुको पहिचान गरी राजस्व असुल गर्ने अन्य विभागहरुलाई त्यस तर्फ ध्यानाकर्षण गराउने ।
- राजस्व असुल गर्ने कार्यालयहरुले अपनाउनु पर्ने प्रकृयामा भएको कमि कमजोरीबाट राजस्व चुहावट भएको पाइएमा त्यस्तो प्रकृयामा सुधार गर्न सम्बन्धित विभागमा लेखी पठाउने ।
- भन्सार विभाग र आन्तरिक राजस्व विभागबाट जारी भएको कार्यविधि अनुसार काम कारवाही भए गरेको नपाइएमा त्यस तर्फ सम्बन्धित विभागको ध्यानाकर्षण गराउने ।
- आन्तरिक राजस्व विभाग समेतको सहयोग र सुपरीवेक्षणमा आ. ब. २०६२/६३ को बैशाखदेखि यस विभाग अन्तर्गतका इकाई कार्यालयहरुमा रहेका ढाट (चेकपोष्ट) हरुले

सामानको आन्तरिक ओसार पसारमा प्रयोग भएका विल, विजक तथा प्रज्ञापन पत्रहरु कम्प्युटर प्रविष्टी कार्य भैरहेको ।

## विशेष घुम्ती टोली परिचालन

पछिल्लो समयमा सम्पन्न राजनैतिक सहमति पश्चात् मुलुकको आर्थिक क्रियाकलापहरुमा स्वाभाविक रुपमा वृद्धि हुन पुगेको छ तर सो अनुपातमा राजस्व संकलनमा वृद्धि भएको भने देखिएको छैन । अर्कोतर्फ तराईमा खुला सीमाक्षेत्रको फाईदा उठाई भारतीय वजारबाट  अनधिकृतरुपमा माल सामानको चोरी पैठारी बृद्धि भएका सूचनाहरु प्राप्त भईरहेका पनि छन् । यस्तो गतिविधिलाई विशेष रुपमा ध्यानमा राखी नियन्त्रणको लागि विभागको विद्यमान संयन्त्रलाई बढी सजग र सक्रिय बनाउनका अतिरिक्त यस्तो चोरी पैठारी नियन्त्रणका लागि थप कार्य गर्नु पर्ने अवस्था महशुस गरी नेपाल सरकारको निर्णयानुसार मिति २०६४/१/१५ देखि २०६४/३/१५ सम्म घुम्ती टोली (Flying Squad) परिचालन गरिएको थियो ।

विभिन्न ४ वटा क्षेत्रमा उक्त अवधिमा खटिएको विशेष घुम्ती टोलीले गरेको कार्य सम्पादनबाट जिल्ला स्थित भन्सार कार्यालयहरुको दैनिक राजस्व असुलीमा समेत सकारात्मक प्रभाव पर्नुको अलावा हालसम्ममा मू. अ. कर तर्फ रु. ५,३०,०००।०० असुल गरेको र भन्सार तर्फ रु. ४८,८९,७४३।०० मूल्य बरावरको सामान कब्जामा लिएकोमा रु. ४४,७४,७४३।०० मूल्यको सामानको हकमा विगो कव्जामा लिई विगो बमोजिम रु. ४४,७४,७४३।०० धरौटी माग गरेको तथा कव्जामा लिइएको रु. ४,१५,०००।०० मूल्य बराबरको वेवारिसे सामान समेत गरी विगो र धरौटी समेत जम्मा रु. ९८,९४,४८६।०० अशुल गरेको थियो ।

## अस्थायी चेकपोष्ट, धुलिखेलको स्थापना र सञ्चालन

भन्सार चोरी पैठारी नियन्त्रण र आन्तरिक ओसार पसारलाई व्यबस्थित गर्ने उद्देश्यले नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०६३/७/१३ को निर्णयानुसार काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वा. नं. २ (अरनिको राजमार्ग) मा मिति २०६३/८/२८ देखि राजस्व अनुसन्धान विभाग, अस्थायी चेकपोष्ट, धुलिखेल स्थापना भै सञ्चालनमा रहेको छ ।

## ऐन तथा प्रत्यायोजित ऐनहरु

**राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२**

सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र देशको आर्थिक विकास दुत्तर गतिले गर्नको निमित्त अधिक से अधिक राजस्व परिचालन गर्न भन्सार, अन्तःशुल्क तथा कर प्रशासन क्षेत्रमा हुने राजस्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण तथा रोकथाम गरी राजस्व संकलनमा वृद्धि गर्ने उद्देश्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले निर्दिष्ट गरेकोले यस ऐनले राजस्व अनुसन्धान विभागलाई राजस्व चुहावट नियन्त्रणका लागि प्रभावकारी तथा परिणाममुखी भूमिका खेल्न सहयोग पुऱ्याएको छ ।

**विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (प्रत्यायोजित)**

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बाट यस विभागमा प्राप्त कानुनी अधिकारका सम्बन्धमा हालसम्म विदेशी विनिमय कारोबार तथा ओसार पसार सम्बन्धमा विभागको मौजूदा जनशक्ति र सांगठनिक स्वरुपले समेत स्वयंले खानतलासी, पक्राउ नगरी नेपाल प्रहरी लगायतका निकायहरुबाट दाखिला हुन आएको विदेशी विनिमयका सम्बन्धमा अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित अदालतमा मुद्धा दायर गर्ने गरेको छ ।

**मूल्य अभिवृद्धिकर तर्फ (प्रत्यायोजित)**

विगतमा विभिन्न उद्योग/फर्महरुको कारोबारको अनुसन्धान तथा तहकिकात गरी कर निर्धारणको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउने गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३ प्रयोग गरी नेपाल सरकारले तोकिदिएको अधिकृतबाट उक्त ऐनको प्रयोग गरी विभागबाट नै कर निर्धारण गर्दा अनुसन्धान तथा छानवीन कार्य अझ बढी प्रभावकारी, परिणाममुखी तथा शीघ्र भएको छ ।

**भन्सार तर्फ (प्रत्यायोजित)**

भन्सार चोरी पैठारी भै आएका सामानहरु यस विभागले कब्जामा लिई आवश्यक कारवाहीको लागि विगतमा त्रि. वि. स्थल भन्सार कार्यालयमा आवश्यक कारवाहीको लागि पठाउने गरेकोमा भन्सार ऐन, २०१९ को दफा ३४क प्रयोग गरी नेपाल सरकारबाट यस विभागका अधिकृत तथा इकाई कार्यालय प्रमुख (अधिकृतस्तर) लाई भन्सार अधिकृत तोकी भन्सार ऐन प्रयोग गर्न दिएपछि

अनुसन्धान तथा कारवाहीमा वृद्धि भै शीघ्र, परिणाममुखी तथा राजस्व संकलनमा समेत उत्साहप्रद प्रगति देखा परेको छ ।

**संगठनात्मक स्वरुप र कर्मचारी व्यवस्था**

- **कार्यालय संख्या (भौगोलिक कार्य क्षेत्र अनुसार)**

| | |
|---|---|
| विभाग | १ (हरिहरभवन, ललितपुर) |
| अस्थायी चेकपोष्टहरु | २<br>अस्थायी चेकपोष्ट, थानकोट, गुर्जुधारा<br>अस्थायी चेकपोष्ट, धुलिखेल, काभ्रे |
| क्षेत्रीय इकाई कार्यालयहरु | ४<br>पूर्वाञ्चल इकाई कार्यालय, इटहरी, सुनसरी ।<br>मध्यमाञ्चल इकाई कार्यालय, पथलैया, बारा ।<br>पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल, रुपन्देही ।<br>मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर, बांके । |

(विभाग र इकाई कार्यालयहरुको संगठनात्मक ढांचा संलग्न छ )

- विभाग र अन्तर्गत रा. प. प्रथम २, रा. प. द्वितीय ६, रा. प. तृतीय स्तर ११, रा. प. अनं. प्रथम स्तर १८, रा. प. अनं. द्वितीय स्तर २४, टाइपिष्ट ५, सवारी चालक १०, परिचर १५ तथा गस्ती तर्फ ५१ गरी १४२ स्वीकृत दरवन्दी रहेकोमा रा. प. द्वितीय श्रेणीको प्रमुख अनुसन्धान अधिकृत १, गस्ती उप निरीक्षक १ र गस्ती परिचर १४ समेत गरी जम्मा १६ पद रिक्त भएको ।

(दरवन्दी तेरिज संलग्न छ) ।

# आर्थिक वर्ष २०६३/६४ को प्रगति विवरण

## भन्सार तर्फ

१ यस विभागबाट खटिई गएको टोलीले त्रि. वि. स्थल भन्सार कार्यालयको यात्रु आगमन कक्षमा वेवारिसे अबस्थामा Air Phone 45 Pcs. समेतका मूल्य रु. ६,८४,३३८। बराबरका सामानहरु कव्जामा लिएकोमा भन्सार ऐन बमोजिम विगो जफत गरिएको ।

२ काठमाण्डौं महानगरपालिका वा. नं. २२ स्थित विजनेश एड इण्टरनेशनलको कारोबार स्थलमा आकस्मिक निरीक्षण गरी गोदाम शिलवन्दी गरी चेकजांच गर्दा 1/2 HP Pump 30 Pcs. समेतका मूल्य रु. २८,०२,३७९।- बराबरका सामानहरुको पैठारी श्रोत नखुलेकोले भन्सार ऐन बमोजिम विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

३ यस विभागबाट खटिई गएको टोलीले तातोपानी भन्सार कार्यालयको प्र. द. नं. १२६० (दोहमना भवरी ट्रेडर्स, काठमाण्डौं स्थायी लेखा नं. ३०२२८९५२३), मिति २०६३/५/२७ बाट जांचपास भै ना. २ ख ३६१९ कण्टेनरबाट ढुवानी भै आएको सामानहरु सोही दिन अरनिको राजमार्गमा कव्जामा लिइएकोमा खोली हेर्दा अन्दाजी मूल्य रु. ३०,०००।०० बराबरका २० पिस भि. सी. डी. प्रज्ञापनपत्रमा घोषणा नभएकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

४ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/५/२३ त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षको ग्रिन च्यानल क्षेत्रमा निरीक्षण गर्दा वेवारिसे अबस्थामा फेला परेको ५ (पांच) थान सुटकेश तथा व्यागहरु कव्जामा लिई यस विभागमा ल्याई खोलुवा गरी चेक जांच गर्दा अन्दाजी मूल्य रु. ३,६०,४००।- बराबरका २०७ थान साडी फेला परेकोले भन्सार ऐन बमोजिम विगो जफत गरिएको ।

५ यस विभागबाट खटिई गएको टोलीले अरनिको राजमार्गबाट ना. २ ख ३५८८ नं. को कण्टेनर मिति २०६३/६/१० मा कव्जामा लिई चेकजांच गर्दा जि. के. विजनेश प्रा. लि. ले चोरी पैठारी गरील्याएको अन्दाजी मूल्य रु. २,२८,१५८।- बराबरका सामान फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

६ यस विभागबाट खटिई गएको टोलीले अरनिको राजमार्गबाट ना. २ ख ४१०१ नं. को कण्टेनर मिति २०६३/६/१० मा कव्जामा लिई चेकजांच गर्दा सरस्वती इण्टरप्राइजेजले चोरी पैठारी गरील्याएको अन्दाजी मूल्य रु. २,५६,६५४।- बराबरका सामान फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

७ यस विभाग अन्तर्गत अस्थायी चेकपोष्ट, थानकोटको मिति २०६३/६/१ को पत्र साथ विभागमा दाखिला हुन आएको बा. १ ख ६२२७ नं. को ट्रक खोली चेकजांच गर्दा पैठारी श्रोत विनाका अन्दाजी मूल्य रु. ३,२४,०००।- बराबरका २९०० के. जी. जिरा फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

८ अस्थायी चेकपोष्ट, थानकोटको पत्रले पशुपति रोड क्यारियर्सले ढुवानी गरील्याएको कन्सिल कर्क २२८ पिस समेत अन्दाजी मूल्य रु. १,८०,५१३। मूल्य बराबरका सामानहरु यस विभागमा दाखिला हुन आएकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

९ यस विभागबाट खटिई गएको टोलीले तातोपानी भन्सार कार्यालयबाट जांचपास भै आएको ना. २ ख ५०५८ को कण्टेनर मिति २०६३/५/२९ मा कव्जामा लिएकोमा यस विभागमा ल्याई खोली चेकजांच गर्दा अन्दाजी मूल्य रु. १,२१,२८०।- बराबरका सामान भन्सार चोरी पैठारी गरी ल्याएको देखिएकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१० यस विभागबाट खटिई गएको टोलीले अरनिको राजमार्गबाट ना. ३ ख २५७ नं. को कण्टेनर मिति २०६३/६/३ मा कव्जामा लिई चेकजांच गर्दा महांकाल एक्स्पोर्ट एण्ड इम्पोर्ट प्रा. लि. ले चोरी पैठारी गरील्याएको अन्दाजी मूल्य रु. २,५७,१९४।- बराबरका सामान फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

११ यस विभागबाट खटिई गएको टोलीले अरनिको राजमार्गबाट ना. ३ ख ४८७६ नं. को कण्टेनर मिति २०६३/६/३ मा कव्जामा लिई चेकजांच गर्दा प्रनिसा इण्टरप्राइजेजले भन्सार चोरी पैठारी गरील्याएको अन्दाजी मूल्य रु. ४,३०,०७२।- बराबरका तयारी कपडा समेत फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१२ यस विभागबाट खटिई गएको टोलीले अरनिको राजमार्गबाट ना. २ ख १०१३ नं. को कण्टेनर मिति २०६३/६/१ मा कव्जामा लिई चेकजांच गर्दा केशरी इण्टरप्राइजेजले भन्सार चोरी पैठारी गरील्याएको अन्दाजी मूल्य रु. २,३९,१९६।- बराबरका सामान फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१३ अस्थायी चेकपोष्ट, थानकोटबाट अनुसन्धानको लागि यस विभागमा दाखिला हुन आएको ना. २ ख ७९८४ नं. को ट्रक मिति २०६३/६/२२ का दिन यस विभागमा खोली चेकजांच गर्दा पैठारी श्रोत नभएका कुर्ता सलवार (अर्ध तयारी) २७२ पिस समेत अन्दाजी मूल्य रु. १४,४८,९२३।- बराबरका सामान चोरी पैठारी गरी ल्याएको देखिएकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१४ यस विभाग अन्तर्गत अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउने विभिन्न बसहरुलाई रोकी चेकजांच गर्दा विना प्रज्ञापन पत्र तथा विल विजकका सुती तन्ना १४० पिस समेतका अन्दाजी मूल्य रु. १,७५,८००।- बराबरका वेवारिसे सामानहरु फेला परेकोले भन्सार ऐन, २०१९ बमोजिम चोरी पैठारीमा आवश्यक कारवाहीको लागि यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन बमोजिम विगो जफत गरिएको ।

१५ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/७/१९ का दिन अरनिको राजमार्गबाट काठमाण्डौं तर्फ आउंदै गरेको वा. १ ख ६०७९ नं. को यात्रु विनाको वस भक्तपुर, जगातीबाट कव्जामा लिएकोमा सामान साथ कुनै पनि प्रज्ञापन पत्र तथा विल विजक नभएको जिन्स पाइण्ट १७९ पिस समेतका अन्दाजी मूल्य रु. ४,३६,४८८।- बराबरका सामान फेला परेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१६ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/७/२० का दिन का. म. न. पा. सुरज आर्केड स्थित कामेश्वर गुप्ताको पसलमा रहेका खरीद एवं पैठारी श्रोत विनाका विभिन्न मोडेल र व्राण्डका २६५ (दुई शय पैसठ्ठी) थान अन्दाजी मूल्य रु. ८,९८,५७३।- बराबरका मोवाइल सेटहरु फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१७ थानकोट चेकपोष्टबाट मिति २०६३/७/१६ का दिन वीरगन्जबाट काठमाण्डौं तर्फ आउंदै गरेको ना. १ च ८७८५ नं. को टाटा पिक अप गाडी कव्जामा लिई चेकजांच गर्दा खरीद एवं

पैठारी श्रोत नभएका उनी सल १४६९ पिस समेत अन्दाजी मूल्य रु. २,०७,१९४।- बराबरका सामानहरु फेला परेकोमा विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

१८ अस्थायी चेकपोष्ट थानकोटले काठमाण्डौं जिल्ला, बांणभन्ज्याङ गा. वि. स. वा. नं. ५, पिपलबोट स्थित घरमा मल अनलोड गराई राखेको अबस्थामा ना. २ ख ९२ नं. को ट्रकलाई कव्जामा लिई यस विभागमा दाखिला गरेकोमा विभिन्न ब्राण्डका १३० बोरा रासायनिक मल कव्जामा लिई विगो जफत गरी विगो बमोजिम रु. ९५,०००।- धरौटी लिई भन्सार ऐन बमोजिम कारवाही भैरहेको ।

१९ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/८/८ का दिन का. म. न. पा. वा. नं. २६, नरदेवी स्थित योगवीर सिंह मार्ग (घरधनी लोकानन्द भट्ट) को घर कोठामा चेकजांच गर्दा प्रज्ञापन पत्र/विल विजक विनाको अन्दाजी मूल्य रु. ३,३६,२८०।- बराबरका अन्य रेशा साडी ७०४ पिस समेत फेला परेकोले उक्त सामानहरु कव्जामा लिई भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

२० यस विभाग अन्तर्गत अस्थायी चेकपोष्ट, थानकोटले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउने विभिन्न बसहरुलाई रोकी चेकजांच गर्दा विना प्रज्ञापन पत्र तथा विल विजकका विजुलीको वल्व १०० वाटको ३६०० पिस समेत अन्दाजी मूल्य रु. २,८५,८८३।- बराबरका वेवारिसे सामानहरु फेला परेकोले भन्सार ऐन, २०१९ बमोजिम चोरी पैठारीमा आवश्यक कारवाहीको लागि विभाग दाखिला गरेकोमा भन्सार ऐन बमोजिम विगो जफत गरिएको ।

२१ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/८/१४ का दिन काभ्रेपलान्चोक वनेपाबाट ना. २ ख २९०५ नं. को ट्रक कव्जामा लिई सोही दिन यस विभागमा ल्याई चेकजांच गर्दा भन्सार चोरी पैठारी गरील्याएको प्रज्ञापन पत्र र विल विजक नभएका कुर्ता सलवार १७८ पिस समेत अन्दाजी मूल्य रु. १,३३,६२५।- बराबरका सामानहरु फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

२२ का. म. न. पा. वा. नं. २४, महाबौद्ध स्थित स्थायी लेखा नं. ३०१८०७६८९ का न्यू तिरुपति इम्पेक्स (प्रो. सन्दिप अग्रवाल) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/८/१७ मा आकस्मिक निरीक्षण गरी लिइएको मौज्दातको भौतिक परिक्षण बिवरण र कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल

समेतका आधारमा छानबीन गर्दा अन्दाजी मूल्य रु. २,१२,३१०।- बराबरका (वेवी पाइण्ट ५ पिस समेत) सामानहरुको पैठारी श्रोत पेश गर्न नसकेकोले भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

२३ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/३ का दिन का. म. न. पा. वा. नं. २२, गणवहाल स्थित जय श्री इण्टरनेशनल विजनेश प्रा. लि. को कारोबार स्थल तथा गोदाममा चेकजांच गर्दा विल विजक/प्रज्ञापन पत्र नभएका अन्दाजी मूल्य रु. ३,६२,८७६।- बराबरका ह्यांकी ५ दर्जन समेतका सामानहरु फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

२४ यस विभाग अन्तर्गत अस्थायी चेकपोष्ट, थानकोटले ना. २ ख ७०४५ नं. को ट्रक कव्जामा लिई चेकजांच गर्दा प्रज्ञापन पत्र तथा विल विजक विनाका अन्दाजी मूल्य २,२५,०००।- बराबरको ३०० बोरा पोटास मल कव्जामा लिई यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन बमोजिम चोरी पैठारीमा कारवाही भैरहेको ।

२५ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/१८ का दिन का. म. न. पा. भेडासिंह स्थित दिपक कुमार प्रकाश कुमारको कारोबार स्थल तथा गोदाममा चेकजांच गर्दा विना कागजात (प्रज्ञापन पत्र/विल विजक) का अन्दाजी मूल्य रु. ८,५९,८७६।- बराबरका घुम्टी ८४ पिस समेतका सामानहरु फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

२६ यस विभाग अन्तर्गत अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउने यात्रुवाहक वसहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको चाइनिज थर्मस ४४ थान समेत अन्दाजी मूल्य १,५७,६९६।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन बमोजिम विगो जफत गरिएको ।

२७ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/८/१४ का दिन काभ्रेपलान्चोक वनेपाबाट ना. २ ख २९०५ नं. को ट्रक कव्जामा लिई सोही दिन यस विभागमा ल्याई चेकजांच गर्दा भन्सार चोरी पैठारी गरील्याएको प्रज्ञापन पत्र र विल विजक विनाका कुर्ता सलवार १७८ पिस समेतका अन्दाजी मूल्य रु. १,३३,६२५।- बराबरका सामानहरु फेला परेकोले उक्त सामान कव्जामा लिई भन्सार चोरी पैठारीमा कारवाही भैरहेको ।

२८ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउने यात्रुवाहक वसहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको चाइनिज सर्फ ६ के. जी. समेत अन्दाजी मूल्य २,६६,९७५।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

२९ श्री तातोपानी भन्सार कार्यालयबाट डव्लु. इण्टरप्राइजेज (स्थायी लेखा नं. ३००१५०५८३), को नाममा मिति २०६३/९/२८ गते प्र. द. नं. ५२६४ बाट जांचपास भै आएको सामान ढुवानी भै आएको ना. २ ख ७०० र ना. २ ख ३१९७ का कण्टेनर समेत श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोही मितिमा कव्जामा लिई आवश्यक कारवाहीका लागि यस विभागमा दाखिला गरेकोमा उक्त कण्टेनरमा रहेका सामानहरु चेक जाँच गर्दा चुचु साइज जुत्ता ३८० जोर समेत अन्दाजी मूल्य रु. १,०२,६४०।- बराबरका सामानहरु प्रज्ञापनपत्रमा घोषणा भए भन्दा बढी परिमाणमा फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

३० यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/१३ का दिन का. म. न. पा. वा. नं. २ लाजिम्पाट स्थित पाइप एण्ड फिटिङस् सप्लायर्स (प्रो. गोपाल प्रसाद न्यौपाने) को कारोबार स्थल तथा गोदाममा चेकजांच गर्दा विना कागजात (प्रज्ञापन पत्र/विल विजक) का अन्दाजी मूल्य रु. १६,१६,०६३।- बराबरका एडजष्टेवल रिञ्च १९८ पिस समेतका सामानहरु फेला परेकोले विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

३१ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/३० का दिन का. म. न. पा. वा. नं. ६ श्री तारागाउं रिजेन्सी होटल स्थित वहमूल्य हिरा जवाहिरातको कारोबार गर्ने फाइन ज्वेल्स एण्ड क्राफ्ट (प्रो. असगर खान) को कारोबार स्थलमा चेकजांच गर्दा विना कागजात (प्रज्ञापन पत्र/विल विजक) का अन्दाजी मूल्य रु. ४१,७१,६८६।- बराबरका एक्वामेरिन माला ५०० ग्राम समेतका सामानहरु फेला परेकोले विगो कव्जामा लिई विगो बमोजिम धरौटी लिई भन्सार ऐन, २०१९ बमोजिम कारवाही भैरहेको ।

३२ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/३० का दिन का. म. न. पा. वा. नं. १ दरवारमार्ग स्थित वहमूल्य हिरा जवाहिरातको कारोबार गर्ने फेशन जेम्स एण्ड ज्वेलरी (प्रो. अकवर खान) को कारोबार स्थल, होटल अन्नपूर्ण स्थित बिक्री कक्ष र नेपाल इन्भेष्टभेण्ट बैंकमा रहेको उक्त ज्वेलरीको लकर समेतमा चेकजांच गर्दा विना कागजात (प्रज्ञापन

पत्र/विल विजक) का अन्दाजी मूल्य रु. ६३,२०,४९२।- बराबरका पोतेमाला टरमोलिन १।२०० के. जी. समेतका सामानहरु फेला परेकोले उक्त सामानहरु कव्जामा लिई भन्सार ऐन, २०१९ बमोजिम विगो बमोजिम धरौटी लिई कारवाही भैरहेको ।

३३ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउने विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको पि क्याप १७,००० पिस समेत अन्दाजी मूल्य रु. ५,८२,७४५।- बराबरका सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

३४ अस्थायी चेकपोष्ट, थानकोटले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउदै गरेको विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको टाटन उलन सर्टिङ कपडा ४३३ मिटर समेत अन्दाजी मूल्य रु. २,३०,३००।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम कारवाही गरी विगो जफत गरिएको ।

३५ यस विभागबाट खटिई गएको टोलीले का. म. न. पा. वा. नं. १६, बालाजु स्थित खसिवुमा चालक रहित अबस्थाको ना. २ ख २७४५ नं को ट्रक फेला पारी कव्जामा लिएकोमा विभागमा ल्याई चेकजांच गर्दा पैठारी श्रोत विनाका अन्य रेशा साडी ८०१ पिस समेत अन्दाजी मूल्य रु. ११,४३,२०६।- बराबरका सामानहरु फेला परेकोले भन्सार ऐन, २०१९ बमोजिम विगो र सामान ढुवानी गरी आएको ट्रक समेत जफत गरिएको ।

३६ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउने विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको राइस कुकर १२ पिस समेत अन्दाजी मूल्य रु. २,४७,४८२।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

३७ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउने विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको पेण्टी २१०० पिस समेत अन्दाजी मूल्य रु. ४,८५,०१६।- का सामानहरु कव्जामा लिई यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

३८ अस्थायी चेकपोष्ट, धुलिखेलले मिति २०६३/११/१८ मा अरनिको राजमार्ग हुँदै काठमाण्डौं तर्फ आउदै गरेको बा. ५ च ६११८ को टाटा मोवाइल रोकी चेकजांच गर्दा पैठारी श्रोत नखुलेको पश्मिना धागो ५० के. जी. समेत अन्दाजी मूल्य रु. ६,९६,०५९।- बराबरका सामानहरु फेला परेकोले **भन्सार ऐन, २०१९ बमोजिम** विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

३९ **यस विभागबाट खटिई गएको टोलीले काठमाण्डौं महानगरपालिका वा. नं. २१, भोटेवहाल स्थित स्थायी लेखा नं. ३०००५८९६३ का नेशनल ट्रेड कन्सर्नको कारोबार स्थलमा आकस्मिक निरीक्षण गरी गोदाम शिलवन्दी गरी चेकजांच गर्दा टैंक निपल १ पिस समेत अन्दाजी मूल्य रु. ८,३१,२६१।- बराबरका सामानहरुको पैठारी श्रोत नखुलेकोले भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।**

४० अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको जिन्स पाइण्ट ९६४ पिस समेत अन्दाजी मूल्य रु. ८,८५,३३३।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४१ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको जिन्स पाइण्ट समेत अन्दाजी मूल्य रु. १,३६,८६१।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४२ अस्थायी चेकपोष्ट, थानकोटले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको अन्य रेशा साडी ६२ पिस समेत अन्दाजी मूल्य रु. ५,७५,५४३।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४३ अस्थायी चेकपोष्ट, थानकोटले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको रोटी वेल्ने चक्ला समेत अन्दाजी मूल्य रु. १,३६,२९३।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४४ त्रि. वि. स्थल भन्सार कार्यालयको प्र. द. नं. २४९३३ मिति २०६४/१/२३ बाट जांचपास भै आएको सामान यस विभागमा दाखिला हुन आएकोमा चेकजांच गर्दा पैठारी श्रोत नखुलेका सामसुङ मोवाइल १०० पिस समेत अन्दाजी मूल्य रु. ३८,२९,२८०।- बराबरका सामानहरु फेला परेकोले भन्सार ऐन बमोजिम कारवाही भैरहेको ।

४५ त्रि. वि. स्थल भन्सार कार्यालयको प्र. द. नं. २४९३२ मिति २०६४/१/२३ बाट जांचपास भै आएको सामान यस विभागमा दाखिला हुन आएकोमा चेकजांच गर्दा पैठारी श्रोत नखुलेका लेजर मल्टी फङ्सन प्रिण्टर ३० पिस समेत अन्दाजी मूल्य रु. १३,३५,०००।- बराबरका सामानहरु फेला परेकोले भन्सार ऐन बमोजिम कारवाही भैरहेको ।

४६ त्रि. वि. स्थल भन्सार कार्यालयको प्र. द. नं. २४९४२ मिति २०६४/१/२३ बाट जांचपास भै आएको सामान यस विभागमा दाखिला हुन आएकोमा चेकजांच गर्दा पैठारी श्रोत नखुलेका नोकिया चार्जर ८७ पिस समेत अन्दाजी मूल्य रु. ३५,०६,६३०।- बराबरका सामानहरु फेला परेकोले भन्सार ऐन बमोजिम कारवाही भैरहेको ।

४७ अस्थायी चेकपोष्ट, धुलिखेलले विभिन्न मितिमा अरनिको राजमार्ग हुंदै काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको नक्कली माला १०५० के. जी. समेत अन्दाजी मूल्य रु. ३,६१,८२८।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४८ अस्थायी चेकपोष्ट, थानकोटले विभिन्न मितिमा काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको कुर्ता सलवार ४६ सेट समेत अन्दाजी मूल्य रु. ४,२१,७१९।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम विगो जफत गरिएको ।

४९ अस्थायी चेकपोष्ट, थानकोटबाट अनिल इण्टरप्राइजेजले पैठारी गरी ल्याएको ३०० बोरा ह्वाइट सिमेण्ट अनुसन्धानको लागि यस विभागमा दाखिला हुन आएकोमा अनुसन्धान गर्दा उक्त सिमेण्ट चोरी पैठारी गरिल्याएको देखिएकोले विगो सामान कब्जामा लिई विगो बमोजिम रु. १,४९,६७६। धरौटी लिई भन्सार ऐन, २०१९ बमोजिम कारवाही भैरहेको ।

५० जय मां शक्ति रोड क्यारियर्सले ढुवानी गरिल्याएको सामान यस विभागमा अनुसन्धानको सिलसिलामा दाखिला हुन आएकोमा चोरी पैठारी भै आएको टेवुल पंखा समेत अन्दाजी मूल्य रु. २,३५,४८१।- का सामानहरु देखिएकोले भन्सार ऐन बमोजिम विगो जफत गरी विगो बमोजिम जरिवाना गरिएको ।

५१ जे. वी. ट्रान्सपोर्टले ढुवानी गरिल्याएको सामान यस विभागमा अनुसन्धानको सिलसिलामा दाखिला हुन आएकोमा भन्सार चोरी पैठारी भै आएको मेलामाइन प्लेट समेत अन्दाजी मूल्य रु. ९२,०००।- बराबरका सामानहरु देखिएकोले विगो कव्जामा लिई विगो बमोजिमको रकम धरौटी लिई भन्सार ऐन, २०१९ बमोजिम कारवाही भैरहेको ।

५२ अस्थायी चेकपोष्ट, धुलिखेलले २०६४ आषाढ महिनामा अरनिको राजमार्ग हुँदै काठमाण्डौं तर्फ आउंदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको नक्कली माला समेत अन्दाजी मूल्य रु. ७८,६४८।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम भन्सार चोरी पैठारीमा कारवाही भैरहेको ।

५३ अस्थायी चेकपोष्ट, थानकोटले २०६४ आषाढ महिनामा काठमाण्डौं तर्फ आउदै गरेका विभिन्न सवारी साधनहरु चेकजांच गर्दा वेवारिसे अबस्थामा फेला परेको मोवाइल फोन समेत अन्दाजी मूल्य रु. ३,३३,५९१।- का सामानहरु यस विभागमा दाखिला गरेकोमा भन्सार ऐन, २०१९ बमोजिम भन्सार चोरी पैठारीमा कारवाही भैरहेको ।

## मू. अ. कर तथा आयकर तर्फ

१ यस विभागबाट खटिएको टोलीले भारत स्थित मोदीकेयर लिमिटेड मार्फत उत्पादित बिभिन्न घरायसी उपभोग्य सामानहरु र केही तेश्रो मुलुकबाट आयात गरी बजार विशेषज्ञद्वारा बिक्री वितरण गर्ने काठमाडौं महानगरपालिका वडा नम्बर १० नयाँ बानेश्वर स्थित शुभ लक्ष्मी मार्केटिङ्ग प्रा.लि को कारोवार स्थलमा आकस्मिक निरीक्षण गरी छानवीन गर्दा सदस्यता शुल्क लिएर बजार बिशेषज्ञ बनाएका व्यक्तिहरुबाट प्राप्त बिक्री कारोबारमा मू. अ. कर तथा आयकर छलेको र आयकर छल्ने उद्देश्यले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम सम्बन्धित विभागको स्वीकृति विना भारत स्थित मोदी केयर लि. र अन्य कम्पनीलाई भुक्तानी गरेको रोयल्टी र प्राविधिक परामर्श सेवा वापतको रकम र भारत स्थित मोदी केयर लि. का बजार विशेषज्ञ भारतीय नागरिकलाई भुक्तानी गरेको Global

Incentives बापतको रकम प्रा. लि. को आय आर्जन संग असम्बन्धित भएको हुंदा सो खर्च अमान्य गर्दा तिर्नु बुझाउनु पर्ने आयकर र सदस्यता शुल्क वापतको रकममा छलेको मू. अ. कर गरी जम्मा रु. १,११,०५,०६९।- नगद धरौटी लिएकोमा रु. ३०,३७,०६९।- मू. अ. कर असुल गर्ने गरी गरी कर निर्धारण गरिएको र आयकर रु. ८०,६८,०००।- का सम्बन्धमा कर निर्धारण गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको ।

२ यस विभागबाट खटिई गएको टोलीले काठमाण्डौं महानगरपालिका वा. नं. २२ स्थित विजनेश एड इण्टरनेशनलको कारोबार स्थलमा आकस्मिक निरीक्षण गरी गोदाम शिलवन्दी गरी कारोबारसंग सम्बन्धित खरिद/बिक्री खाता, स्टक बुक र अन्य सम्बन्धित कागजात कव्जामा लिई कारोबार स्थल एवं गोदाममा रहेका सामानको भौतिक परीक्षण गरी सो समेतको आधारमा छानवीन गर्दा जम्मा रु. ५१,१०,४६१।- करयोग्य विक्री मूल्य बराबरको सामान न्यून मौज्दात देखिएकोले उक्त सामान करदाताले गैह्र मू. अ. कर विजकको प्रयोग गरी बिक्री गरेको मानी कर तथा जरिवाना समेत गरी रु. १५,८८,४५८।- मू. अ. कर असुल उपर गर्ने गरी कर निर्धारण गरिएको ।

३ यस विभागबाट खटिई गएको अनुसन्धान टोलीले काठमाण्डौं गणवहाल स्थित स्थायी लेखा नं. ३००७०५७७७ का तनुज इण्टरनेशनल प्रा. लि. (सञ्चालक तरुण अग्रवाल) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/६/२५ मा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू.अ.कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, कव्जामा लिई छानवीन गर्दा रु. २१,०५,०२१।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएकोले उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. ५,४७,३०७।- कर निर्धारण गरिएको ।

४ यस विभागबाट खटिई गएको अनुसन्धान टोलीले काठमाण्डौं त्रिपुरेश्वर स्थित स्थायी लेखा नं. ३०१५९३१०५ का नेपाल टायर हाउस (प्रो. प्रिया अग्रवाल) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/७/१९ मा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त हाउसको शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परिक्षण बिवरण समेतको आधारमा छानवीन गर्दा रु. १८,८२,०५०।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएकोले उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री

कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. ४,८९,३३४।- कर निर्धारण गरिएको ।

५ काठमाण्डौं भेडासिंह स्थित स्थायी लेखा नं. ३०२१६८४६० का ओम दक्षिणकाली स्टोर्स (प्रो. सुनिल अग्रवाल) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/८/१४ मा आकस्मिक निरीक्षण गरी कब्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त प्रा. लि. को शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन गर्दा रु. ७,५३,००५।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. १,९५,७८२।- कर निर्धारण गरिएको ।

६ यस विभागबाट खटिई गएको अनुसन्धान टोलीले काठमाण्डौं कुलेश्वर स्थित स्थायी लेखा नं. ३०२३०५४०१ का एस. एस. एण्ड सन्स प्रा. लि. (सञ्चालक पुनम कुमार जालान) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/८/१३ मा आकस्मिक निरीक्षण गरी कब्जामा लिइएका कारोवारसंग सम्बन्धित मू.अ.कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त प्रा. लि. को शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परिक्षण बिवरण समेतको आधारमा छानवीन गर्दा रु. ४७,२६७।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. १२,२९०।- कर निर्धारण गरिएको ।

७ यस विभागबाट खटिई गएको अनुसन्धान टोलीले काठमाण्डौं कुलेश्वर स्थित स्थायी लेखा नं. ५०००८४७५७ का एस. एस. मार्केटिङ (प्रो. पुनम कुमार जालान) को कारोबार स्थल तथा गोदाममा मिति २०६३/८/१३ मा आकस्मिक निरीक्षण गरी कब्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त फर्मको शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परिक्षण बिवरण समेतको आधारमा छानवीन गर्दा रु. १,१४,१४०।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. २८,७६७।- कर निर्धारण गरिएको ।

८ काठमाण्डौं कमलादी मोड स्थित स्थायी लेखा नं. ५००११०१०४ का एन मल्टीनेशनल मिडिया प्रा. लि. (सञ्चालक नारायण कुमार श्रेष्ठ) को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल समेतको आधारमा छानवीन गर्दा रु. १८,२२,४५५।०० बराबरको करयोग्य बिक्री लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ अनुसार रु. ४,७६,१४१।- कर निर्धारण गरिएको ।

९ काठमाण्डौं भेडासिंह स्थित स्थायी लेखा नं. ३००१५०३४८ का दिपक कुमार प्रकाश कुमार (प्रो. दिपक कुमार संघई) को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू.अ.कर खरीद बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त प्रा. लि. को शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन गर्दा रु. २५,९६,३४९।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. ६,७५,०५०।- कर निर्धारण गरिएको ।

१० काठमाण्डौं गणवहाल स्थित स्थायी लेखा नं. ३०२२५४०४० का जय श्री इण्टरनेशनल विजनेश प्रा. लि. (सञ्चालक श्री चन्द जैन) को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू.अ.कर खरीद बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल, उक्त प्रा. लि. को शो रुम तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन गर्दा रु. १२,४१,९६५।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. ३,२२,९१०।- कर निर्धारण गरिएको ।

११ यस विभागबाट खटिई गएको टोलीले मिति २०६३/९/१३ का दिन का. म. न. पा. वा. नं. २ लाजिम्पाट स्थित पाइप एण्ड फिटिङस् सप्लायर्स स्थायी लेखा नं. ३००१५१७०१ को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता, खरिद/बिक्री बिल र कारोबार स्थल तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन

गर्दा रु. ४९,१५,७१२।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार रु. १२,७८,०८६। कर निर्धारण गरिएको ।

१२ का. म. न. पा. वा. नं. ९, सिनामंगल स्थित युनाइटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि. (स्थायी लेखा नं. ३०००४७३७२) ले टोयोटा हायास गाडी बिक्री गर्दा बिक्री विजकमा उल्लेख गरेको मूल्यका अलावा अलग्गै नगदी रसीद जारी गरी थप रकम भुक्तानी लिएको र त्यस्तो रकमलाई बिक्रीमा समावेश नगरी मू. अ. कर तथा आयकर छलेको भन्ने सम्बन्धमा छानवीन गर्दा रु. ७६,५९,०९१।- कर योग्य कारोबार लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ तथा नियमावली, २०५३ अनुसार अनुसार रु. १८,८२,६४३। कर निर्धारण गरिएको ।

१३ का. म. न. पा. वा. नं. ९, सिनामंगल स्थित युनाइटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि. (स्थायी लेखा नं. ३०००४७३७२) ले टोयोटा हायास गाडी बिक्री गर्दा बिक्री विजकमा उल्लेख गरेको मूल्यका अलावा अलग्गै नगदी रसीद जारी गरी थप भुक्तानी लिएको रकमलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरेको आय विवरणमा समावेश नगरी आयकर समेत छलेको देखिएकोले आयकर ऐन, २०५८ अनुसार लाग्ने कर, शुल्क तथा व्याज समेत अन्दाजी रु. ४६,८१,३३१।- असुल गर्नका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको ।

१४ का. म. न. पा. वा. नं. १३, मथुरी सदन, कालीमाटी स्थित स्थायी लेखा नं. ५००१८८४५३ का सिभिल सेभिङस् एण्ड क्रेडिट को अपरेटिभ लि. को कारोबार छानवीन गर्दा अग्रिम आयकर कट्टी नगरेको तथा आयकर लुकाएकोले कर तथा व्याज समेत रु. ३,१४,५०,८२०।- नगद धरौटी लिई आवश्यक कारवाहीको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको ।

१५ नवलपरासी जिल्ला, गैंडाकोट स्थित स्थायी लेखा नं. ३०००१०६५५ को लुम्विनी ग्यांस कम्पनी प्रा. लि. को कारोबार स्थलमा आकस्मिक निरीक्षण गर्दा जम्मा रु. ७,२७,५१६।- कर योग्य बिक्री मूल्य बराबरका एल. पी. ग्यांस समेतका सिलिण्डरहरु मौज्दात खातामा भन्दा भौतिक परीक्षण गर्दा घटि पाइएको साथै २०६२ श्रावणदेखि २०६३ पौषसम्ममा जम्मा रु.

२,२६,९६,४२५।- मूल्य बराबरका सिलिण्डरहरु बिक्री कारोबार गरेकोमा यसरी बिक्री गर्दा सम्बन्धित खरीद कर्ताको नाममा मू. अ. कर विजक जारी गर्नु पर्नेमा कर छल्ने उद्देश्यले रसिद मार्फत धरौटी भनी रकम प्राप्त गरेकोमा त्यस्तो बिक्रीलाई करयोग्य विक्री मानी मू. अ. कर ऐन, २०५२ अनुसार कर तथा जरिवाना समेत रु. ५७,६३,७२७- मू. अ. कर निर्धारण गरिएको ।

१६ का. म. न. पा., सामाखुशी स्थित स्थायी लेखा नं. ३०२३१०७६६ को रेचल विजनेश इण्टरप्राइजेजले २०६२ तेस्रो चौमासिक देखि २०६३ को पहिलो चौमासिक अवधिमा पैठारी भएका सामानहरु भन्सार कार्यालयले जांचपासको सिलसिलामा जम्मा रु. ११,४०,३१९।- मूल्य थप गरेकोमा उक्त थप मूल्यलाई लागत मूल्यमा समावेश नगरी पैठारी मूल्य भन्दा घटिमा बिक्री देखाई मू. अ. कर छलेको साथै जम्मा रु. १४,७८,९३३।- बिक्री मूल्य बराबरका सामानहरु मौज्दात खातामा आम्दानी नजनाई बिक्री समेत लुकाएर मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ अनुसार रु. ७,०२,८५०।- मू. अ. कर निर्धारण गरिएको ।

१७ का. म. न. पा., सामाखुशी स्थित स्थायी लेखा नं. ३०१९००७१३ को रुविन विजनेश प्रा. लि. ले २०६२ वैशाख देखि २०६३ पौषसम्ममा पैठारी भएका सामानहरु भन्सार कार्यालयले जांचपासको सिलसिलामा जम्मा रु. १०,८९,९४८।- मूल्य थप गरेकोमा उक्त थप मूल्यलाई लागत मूल्यमा समावेश नगरी पैठारी मूल्य भन्दा घटिमा बिक्री देखाई मू. अ. कर छलेको साथै जम्मा रु. ५,५८,१९४।- बिक्री मूल्य बराबरका सामानहरु मौज्दात खातामा आम्दानी नजनाई बिक्री समेत लुकाएर मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ अनुसार रु. ४,२९,०६१।- मू. अ. कर निर्धारण गरिएको ।

१८ पाको, न्यूरोड स्थित स्थायी लेखा नं. ५००११४३५७ का प्रेष्टिज इण्टरनेशनलको कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कब्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल तथा कारोबार स्थल तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन गर्दा रु. १९,९५,७६९।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार कर तथा जरिवाना गरी रु. ५,१८,९००। कर निर्धारण गरिएको ।

१९ काठमाडौं, भोटेवहाल स्थित स्थायी लेखा नं. ३०००५८९६३ का नेशनल ट्रेड कन्सर्नको कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल तथा कारोबार स्थल तथा गोदाममा लिइएको मौज्दातको भौतिक परीक्षण विवरण समेतको आधारमा छानवीन गर्दा रु. १४,८८,५६४।०० बिक्री मूल्य बराबरका सामानहरु मौज्दात (स्टक) खातामा भन्दा घटि भएको पाइएको र उक्त सामानहरु करदाताले मू. अ. कर विजक प्रयोग नगरी बिक्री कारोबार गरेको मानी मू. अ. कर ऐन, २०५२ अनुसार कर तथा जरिवाना गरी रु. ३,८७,०२८। कर निर्धारण गरिएको ।

२० काठमाडौं वालुवाटार स्थित स्थायी लेखा नं. ३००४३२५२७ का युनाइटेड पार्सल सर्भिस प्रा. लि. को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद/बिक्री खाता, स्टक खाता तथा खरिद/बिक्री बिल समेतको आधारमा छानवीन गर्दा मू. अ. कर छलेको पाइएकोले मू. अ. कर ऐन, २०५२ अनुसार कर तथा जरिवाना गरी रु. ९,१६,५८४। कर निर्धारण गरिएको ।

२१ काठमाडौं, ठेमल स्थित स्थायी लेखा नं. ३०००३२४७१० का के. टु. रेष्टुरेण्ट एण्ड वार प्रा. लि. को कारोबार स्थल तथा गोदाममा आकस्मिक निरीक्षण गरी कव्जामा लिइएका कारोवारसंग सम्बन्धित मू. अ. कर खरीद बिक्री खाता, स्टक खाता तथा खरिद, बिक्री बिल समेतको आधारमा छानवीन गर्दा प्रा. लि. ले जम्मा रु. ६७,२१,७८९। करयोग्य कारोबार लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ अनुसार कर, थप दस्तुर, व्याज र जरिवाना समेत गरी रु. २०,६९,९५०।- कर निर्धारण गरिएको ।

२२ हेवेन विजनेश प्रा. लि. स्थायी लेखा नं. ३०१९०१९९६ सामाखुशी, काठमाडौंको कारोबारको छानवीन गर्दा भन्सार जांचपासको सिलसिलामा पैठारी मूल्य थप भएकोमा उक्त थप मूल्यलाई लागत मूल्यमा समावेश नगरी खरीद मूल्य भन्दा बिक्री मूल्य कम भएको देखिएको र पैठारीलाई सम्बन्धित मौज्दात खातामा प्रविष्ट नगरी बिक्री समेत लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ तथा मू. अ. कर नियमावली बमोजिम लाग्ने कर तथा जरिवाना समेत जम्मा रु. ९७,६८४।- को कर निर्धारण आदेश जारी गरिएको ।

२३ गोसाइकुण्ड इण्टरनेशनल प्रा. लि. स्थायी लेखा नं. ३०१५१२६०४ ताहचल, काठमाडौंको कारोबारको छानवीन गर्दा प्रा. लि. ले बढी करकट्टी दावी गरेको, गलत विवरण उल्लेख गरी

क्रेडिट देखाई विवरण पेश गरेको, सामान पैठारी गरी उक्त पैठारीलाई सम्बन्धित मौज्दात खातामा प्रविष्ट नगरी बिक्री समेत लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ तथा मू. अ. कर नियमावली बमोजिम लाग्ने कर थप दस्तुर, व्याज तथा जरिवाना समेत जम्मा रु. १०,७२,८७४। को कर निर्धारण आदेश जारी गरिएको ।

२४ प्रगति ट्रेड इण्टरनेशनल स्थायी लेखा नं. ३०२४७८६६८ सुविधानगर, काठमाडौंको कारोबारको छानवीन गर्दा भन्सार जांचपासको सिलसिलामा पैठारी मूल्य थप भएकोमा उक्त थप मूल्य लागत मूल्यमा समावेश नगरी मालसामान बिक्री गरेको र सामान पैठारी गरी उक्त पैठारीलाई सम्बन्धित मौज्दात खातामा प्रविष्ट नगरी बिक्री समेत लुकाई मू. अ. कर छलेको देखिएकोले मू. अ. कर ऐन, २०५२ तथा मू. अ. कर नियमावली बमोजिम लाग्ने कर तथा जरिवाना समेत जम्मा रु. ८७,८२४। को कर निर्धारण आदेश जारी गरिएको ।

## राजस्व चुहावट तर्फ

१ सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प. सं. ०६१/६२ (म-२) (श्रम-५) च. नं. ४०७ मिति २०६१/६/२५ को आयोगको निर्णय कार्यान्वयन गर्ने सम्बन्धी पत्रबाट लेखी आए बमोजिम श्री लुम्बिनी ओभरसिज प्रा. लि. ले कोरियामा प्रशिक्षार्थी कामदार पठाउने सिलसिलामा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने राजस्व कम तिर्ने उद्देश्यले झुठा विवरण पेश गरी राजस्व छलेको भन्ने विषयमा यस विभागले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम अनुसन्धान तथा छानवीन गर्दा उक्त प्रा. लि. ले आ. ब. २०५०/५१ देखि आ. ब २०५९/६० सम्मको अवधिमा १७२७ जना कामदार पठाएको विवरण लुकाई झुठा विवरण पेश गरेको र अत्यन्तै न्यून आय देखाई नेपाल सरकारलाई प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने राजस्व कम तिरेको देखिएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १८ बमोजिम प्रा. लि. का तत्कालीन अवस्थामा कम्पनी माथि नियन्त्रण राख्ने शेयर होल्डरहरु क्रमशः राधामणि खतिवडा, मधु लम्साल, भीम बहादुर थापा, नोतिमान गुरुङ, बल बहादुर राना, यज्ञ बहादुर बजगाईं, कर्ण बहादुर पुन र कुल बहादुर कार्की समेत उपर रु. २०,८५,४१,३४५।- (अक्षेरुपी वीस करोड पचासी लाख एकचालीस हजार तीन शय पैंतालीस) विगो कायम गरी सोही ऐनको दफा २३ अनुसार हदैसम्मको जरिवाना र कैद सजायंको मागदावी गरी श्री काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

२ वडा प्रहरी कार्यालय, गौशालाको पत्रले रघुनाथ ओभरसिज प्रा. लि. ले त्रि. वि. स्थल भन्सार कार्यालयबाट भन्सार चोरी पैठारी गरील्याएको रेडिमेड कपडाको सम्बन्धमा अनुसन्धान तहकिकात गरी रु. ६,९४,०००। विगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

३ मोमेण्टो एप्पेरल्स प्रा. लि. ले बैंक ग्यारेण्टी फुकुवा गर्दा नक्कली कागजात पेश गरी फुकुवा गर्नु पर्ने भन्दा बढी रकम फुकुवा गरेको सम्बन्धमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अनुसार छानवीन गरी रु. २,४५,६६,३५५।- (अक्षेरुपी दुई करोड पैतालीस लाख छैसठ्ठी हजार तीन शय पचपन्न) धरौटी लिई थप अनुसन्धान भैरहेको ।

## विदेशी विनिमय अपचलन तथा अवैध ओसारपसारतर्फ

१ जिल्ला प्रहरी कार्यालय, झापाको पत्रले भारतीय नागरिक विशाल कायस्थले अवैध रुपमा ओसार पसार गरेको भा. रु. १०००।- र ५००।- दरका जम्मा रु. ४,२०,०००।- को विगो रु. ६,७२,६३०।- कायम गरी झापा जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

२ त्रि. वि. स्थल सु. प्र. गार्डको पत्रले क्यामरुनी नागरिक फाहा सेञ्चोलिनबाट वरामद भएको अमेरिकी डलर २३,५००।-, युरो २,५०० र क्यामरुनी मुद्रा १ लाख ५० हजारको विगो रु. १९,८७,५१५।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

३ जिल्ला प्रहरी कार्यालय, काठमाण्डौंको पत्रले धादिङ जिल्ला, लामा गा. वि. स. स्थित बहादुर तामाङको साथबाट वरामद भएको अमेरिकी डलर ११० को विगो रु. ११,०२२।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

४ राजस्व अनुसन्धान विभागबाट खटिई गएको टोलीले त्रिभुवन विमानस्थल स्थित आगमन कक्षमा रहेको करमुक्त पसलबाट वरामद भएको भा. रु. ५००। र १०००। दरका जम्मा रु. २६,०००।- को विगो रु. ४१,६३९।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

५ जिल्ला प्रहरी कार्यालय, भक्तपुरको पत्रले सिन्धुपाल्चोक जिल्ला, मानेश्वर गा. वि. स. वा. नं. ८ का जयराम तामाङको साथ बाट वरामद भएको अमेरिकी डलर २४३ को विगो रु. १८,१४३।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

६ राजस्व अनुसन्धान विभागबाट खटिई गएको टोलीले काठमाण्डौं महानगरपालिका वा. नं. २२ स्थित विजनेश एड इण्टरनेशनलको कारोबार छानवीन गर्ने सिलसिलामा आकस्मिक निरीक्षण गर्दा भा. रु. ५००।- र १०००।- दरका जम्मा रु. १,४३,०००।- फेला परेकोले विगो रु. २,३०,९४५।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

७ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले सीता चौधरीबाट वरामद भएको युरो ३०,०००।- समेत अन्य विदेशी मुद्राको विगो रु. २७,८१,२६८।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

८ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले पाकिस्तानी नागरिक हसनैन आलमबाट वरामद भएको भा. रु. १०००।- दर समेतका जम्मा भा. रु. ११,१०,०००।- को विगो रु. १७,९२,६५०।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

९ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले अमेरिकी नागरिक स्टेभन लुइस यरिचबाट वरामद भएको अमेरिकी डलर १,०६,४८०। (नगद र ट्राभलर चेक समेत) को विगो रु. ७६,९४,२९२।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएकोमा अदालतबाट रु. ७७,००,०००।- धरौटी माग भएको ।

१० जिल्ला प्रहरी कार्यालय, ललितपुरको पत्रले जिवछ साह तेलीबाट वरामद भएको अमेरिकी डलर १४,१००।- को विगो रु. १०,७७,८०४।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

११ जिल्ला प्रहरी कार्यालय, बांकेको पत्रले भारतीय नागरिक किसनसिंह धामीबाट वरामद भएको भा. रु. ५०० दरका जम्मा रु. १,९७,०००। को विगो रु. ३,१३,४९६।- कायम गरी बांके जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१२ जिल्ला प्रहरी कार्यालय, पर्साको पत्रले प्रमोद कुमार कुशवाहबाट वरामद भएको भा. रु. ५०० दरका जम्मा रु. ७२,८६८। को विगो रु. ३,१३,४९६।- कायम गरी पर्सा जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१३ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रले नारायण भेजिटेवलका प्रो. सुवोध कुमार अग्रवालले शर्त विपरित विदेशी विनिमय अपचलन गरेकोले यु. यस. डलर १७,६२१।८४ को विगो रु. १२,६४,१९१।- कायम गरी मोरङ जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१४ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले भारतीय नागरिक रिन्जिन पाल्देनबाट भा. रु. १०००। दरका जम्मा रु. १,००,०००। बराबरको भारतीय नोट वरामद गरिएकोमा रु. १,६०,१५०। विगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१५ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले भारतीय नागरिक छ्याङ्ग सोरामबाट भा. रु. १०००। दरका जम्मा रु. १,००,०००। बराबरको भारतीय नोट वरामद गरिएकोमा रु. १,६०,१५०। विगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१६ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले नाइजेरियन नागरिक ओन्द्रेसु ओवुचेबाट वरामद भएको अमेरिकी डलर ३०,९००। को विगो रु. २३,१४,७१९।- कायम गरी काठमाण्डौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

१७ त्रि. वि. स्थल सु. प्र. गार्ड, गौचरको पत्रले जंगजित तामाङबाट यु. यस. डलर ३०००। वरामद गरिएकोमा रु. २,२४,३७८। विगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

**सूचना प्रविधि**

१ आ. ब. २०६३/६४ मा यस विभागले Lease Line मार्फत आन्तरिक राजस्व विभागमा रहेको Pro- Tax प्रणालीमा आफ्नो पहुंचको विस्तार गरेको छ । जसबाट करदाताको तथ्यांक शीघ्र र सरल रुपमा प्राप्त भै जोखिम व्यवस्थापन लगायत अनुसन्धान कार्यमा अझ प्रभाकारिता आउने विश्वास लिइएको छ ।

२ राजस्व चुहावट सम्बन्धी सूचना e-mail मार्फत दिनको लागि आ. ब. २०६३/६४ मा विभागको वेव पेजमा सूचना/उजुरीको ढांचा समावेश गरिएकोमा विद्युतीय माध्यमबाट प्राप्त सूचना/उजुरीले राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग पुगेको छ ।

**माव संशाधन विकास तर्फ**

१ नेदरल्याण्ड सरकारको उच्च शिक्षामा अन्तर्राष्ट्रिय सहयोग संस्थाले नेपालमा सञ्चालन गरेको Tailor Made Training Programmes अन्तर्गत नेदरल्याण्ड, मलेशिया र लातभियाबाट आएका श्रोत व्यक्तिबाट अर्थ मन्त्रालय, भन्सार विभाग, आन्तरिक राजस्व विभाग र यस विभाग समेतका अधिकृतहरुले तालीम लिएको ।

२ सोही संस्थाको आयोजनामा यस विभागका राजपत्रांकित स्तरका १६ (सोह्र) कर्मचारीहरु लातभिया, नेदरल्याण्ड र मलेशिया लगायतको देशमा अध्ययन भ्रमणमा गएको ।

**वेरुजु फछ्र्यौट तर्फ**

आ. ब. २०६२/६३ बाट जिम्मेवारी सारी आएको कूल वेरुजु रु. २१,४९,९४५।२४ र आ. ब. २०६३/६४ को थप रु. ४१,६८४।०० गरी जम्मा रु. २१,९१,६२९।२४ महालेखा परीक्षकको विभागबाट वेरुजु औल्याइएकोमा सो मध्ये रु. १८,३१,८५२।०० (८३.५९) वेरुजु फछ्र्यौट गरिएको छ ।

**पुंजीगत खर्च तर्फ**

१ सार्वजनिक निर्माण तर्फ यस विभाग र अन्तर्गत पूर्वाञ्चल इकाई कार्यालय, इटहरी, मध्यमाञ्चल इकाई कार्यालय, पथलैलामा भवन निर्माणको गत वर्षको भुक्तानी, वाल निर्माण, सुरक्षा कक्ष निर्माण गरी रु. २७,२४,०००।- पुंजीगत खर्च गरिएको ।

२ मेशिनरी औजार तर्फ यस विभागको लागि रु. ३,६०,०००।- मा कम्प्युटर सर्भर खरीद गरी प्रयोगमा ल्याइएको ।

३ फर्निचर खरीद तर्फ विभाग, इकाई कार्यालय इटहरी, इकाई कार्यालय पथलैया र इकाई कार्यालय बुटवलको प्रयोगको लागि रु. ५,५०,०००।- को फर्निचर खरीद गरी प्रयोगमा ल्याइएको ।

४ जग्गा खरीद तर्फ इकाई कार्यालय, कोहलपुरको लागि रु. ६०,००,०००।- को जग्गा खरीद गरिएको ।

# इकाई कार्यालयहरुको प्रगति विवरण

## राजस्व अनुसन्धान पूर्वाञ्चल इकाई कार्यालय, इटहरी

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरु तथा व्यक्तिहरुबाट भन्सार चोरी पैठारी तर्फ विगो र जरिवाना समेत गरी जम्मा रु. ७९,६४,२४२।- असुर उपर गरेको छ । चोरी पैठारीमा कारवाही भएका मुख्य सामानहरु मध्ये शिल्क कपडा, टेलिफोन डायरी, डटपेन, LCD मोनिटर, कपडा आदि छन् । आ. ब. २०६२/६३ मा यस शिर्षकमा जम्मा रु. १३,०७,७४२।०० असुल उपर भएको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट आयकर तर्फ रु. १,४६,४८१।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाएको छ । आ. ब. २०६२/६३ मा यो रकम ३,८३,०८९।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट मू. अ. कर तर्फ रु. १,१३,३७,९१४।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा यो शिर्षकमा रु. १६,३६,४१६।- रहेको थियो ।

- सोही अवधिमा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट अन्तःशुल्क तर्फ रु. १,७१,९००।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा यो शिर्षकमा रु. ७१,५४,५५३।- रहेको थियो ।

## राजस्व अनुसन्धान मध्यमाञ्चल इकाई कार्यालय, पथलैया

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरु तथा व्यक्तिहरु उपर भन्सार ऐन, २०१९ बमोजिम कारवाही गरी विगो तथा जरिवाना वापत रु. १,९०,०६,२१७।- असुल उपर गरिएको । भन्सार चोरी पैठारीमा कारवाही गरिएका मुख्य सामानहरुमा स्टिल भांडा, सुर्ती खैनी, कपडा, अन्य खुद्रा सामान र युरिया मल प्रमुख रहेको छ । आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. १,२४,७२,०५९।- असुल भएको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट मू. अ. कर तर्फ रु. ४९,३३,९९७- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. ३४,०६,५७६।- रहेको थियो ।

- सोही अवधिमा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट अन्तःशुल्क तर्फ रु. ३१,२००।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा रु. २,६२,०००।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट आयकर तर्फ रु. १,३६,९४१।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. ६,३०,६२१।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ सोही इकाई कार्यालयले अन्य शिर्षकमा रु. २,०००।- असुल उपर गरे गराएकोमा आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. ३,००,०००।- रहेको थियो ।

**राजस्व अनुसन्धान पश्चिमाञ्चल इकाई कार्यालय, बुटवल**

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरु तथा व्यक्तिहरुबाट भन्सार चोरी पैठारी तर्फ विगो तथा जरिवाना गरी रु. ५८,३०,९५१।- असुल उपर गरेको छ । भन्सार चोरी पैठारीमा कारवाही गरिएका मुख्य सामानहरुमा क्यासेट प्लेयर, मोटर पार्टस्, युरिया मल, कपडा, हार्डवेयर आदि छन् । आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. २५,५१,६८४।- असुल भएको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट मू. अ. कर तर्फ रु. २,४३,९२३।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा रु. १,९२,८८८।- असुल उपर गराउन लेखी गएको थियो ।

- सोही अवधिमा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट अन्तःशुल्क तर्फ रु. ३०,७१२।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको । आ. ब. २०६२/६३ मा अन्तःशुल्क तर्फ रु. ८,६४,४१३।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ सोही इकाई कार्यालयले अन्य शिर्षकमा रु. ८२,११०।- असुल उपर गरेको छ ।

**<u>राजस्व अनुसन्धान मध्य तथा सुदूर पश्चिमाञ्चल इकाई कार्यालय, कोहलपुर</u>**

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरु तथा व्यक्तिहरुबाट भन्सार चोरी पैठारी तर्फ विगो तथा जरिवाना वापत रु. २४,४०,०००।- असुल उपर गरिएको छ । आ. ब. २०६२/६३ मा भन्सार तर्फ रु. ८,४८,५०५।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट मू. अ. कर तर्फ रु. १३,७६,९००।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको छ । आ. ब. २०६२/६३ मा उक्त रकम रु. ४,९४,७२६।- रहेको थियो ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट अन्तःशुल्क तर्फ रु. ९०,३६०।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको छ ।

- आर्थिक वर्ष २०६३/६४ मा यस इकाई कार्यालयले विभिन्न फर्महरुबाट आयकर तर्फ रु. ३२,८००।- असुल उपर गराउनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाइएको छ । आ. ब. २०६२/६३ मा यस शिर्षकमा रु. ११,९७७।- असुल गर्नका लागि लेखी पठाइएको थियो ।

- आर्थिक वर्ष २०६३/६४ सोही इकाई कार्यालयले अन्य शिर्षकमा रु. ५२,९००।- असुल उपर गरेको छ ।

## वर्तमान चुनौति र समस्याहरु

### संस्थागत संरचनात्मक व्यवस्था

राजस्व चुहावट नियन्त्रण तथा रोकथाम गर्न विभाग तथा इकाई कार्यालयहरुको वर्तमान संगठनात्मक स्वरुप अनुसन्धान मैत्री (Investigation Friendly) छैन । यो विशेषज्ञ कार्यालयको रुपमा नभई सामान्य कार्यालयको रुपमा रहेको छ र यसको आकार समेत सानो छ । विभागको हालको संगठनात्मक स्वरुप वर्तमान समस्या र चुनौतिलाई सम्बोधन गर्न पर्याप्त समेत छैन ।

चार वटा इकाई कार्यालय तथा अस्थायी चेकपोष्ट थानकोटको नियमित कार्य भनेको आन्तरिक ओसार पसारका विल विजकको फोटोकपि लिने, ढुवानीका साधनको छड्के चेकजांच गर्नेमा केन्द्रीत रहेको छ । व्यस्त प्रमुख राजमार्गमा प्रत्येक दिन हजार भन्दा बढी संख्यामा मालवाहक ढुवानीका साधन आवात जावत गर्दछन् । इकाई कार्यालयका सबै जनशक्ति त्यस्तो नियमित कार्यमा लाग्नु पर्ने वाध्यता छ, जसबाट अनुसन्धान गर्ने, बजार निरीक्षण गर्ने जस्ता कार्यमा पर्याप्त ध्यान दिन संम्भव छैन । साथै चेकपोष्टहरु सबै निश्चित स्थानमा रहेकोले सबै नाकाहरुमा दृष्टि पुऱ्याउन पनि सकेको छैन । जस्तै इकाई कार्यालय इटहरीको चेकपोष्ट इटहरी स्थित महेन्द्र राजमार्गको पश्चिम खण्ड इटहरी चोकबाट २ कि. मी. पश्चिममा छ । जसले विराटनगरबाट धरान तर्फ, पूर्व झापा तर्फ र झापाबाट विराटनगर तर्फ आवात जावत गर्ने ढुवानी साधनको चेकजांच गर्न सक्दैन । त्यस्तै इकाई कार्यालय, पथलैयाको पश्चिमतर्फ मात्र चेकपोष्ट रहेको र पूर्व र दक्षिण वीरगन्ज तर्फ चेकपोष्ट छैन । त्यस्तै बुटवलले पूर्वतर्फ मात्र चेकपोष्ट रहेको अन्यत्र छैन । कोहलपुर दक्षिण तर्फ मात्र चेकपोष्ट रहेको पूर्व पश्चिम राजमार्गमा नभएको अबस्था छ । साथै हाल भएका चेकपोष्ट संचालन गर्न पनि वर्तमान कर्मचारी व्यबस्था अपर्याप्त भएको । अन्य ठूला र जटिल प्रकृतिका राजस्व चुहावटका सूचना संकलन र अनुसन्धान मूलक कार्यमा जनशक्ति र विशेषज्ञताको कमीका कारण पर्याप्त ध्यान पुऱ्याउन सकिएको छैन ।

### नीतिगत समस्या

- राजस्व परिचालन अभिवृद्धि गर्न सघाउ पुऱ्याई राजस्व चुहावट नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने उद्देश्य हासिल गर्न पर्याप्त नीतिगत व्यवस्थाको अभाव छ ।
- राजस्व समूह अन्तर्गतकै कर्मचारीहरु मात्र राजस्व अनुसन्धान विभागमा दरवन्दी छ । विशेषज्ञ कर्मचारीको दरवन्दी छैन ।

- विभागको Vision, Mission, Objectives, Programe and Activities स्पष्ट भएता पनि सो अनुरुपको कृयाकलाप र तद्अनुरुपको जनशक्ति छैन । यसलाई Economic Intelligence को रुपमा विस्तार गरी आर्थिक नीति निर्धारणमा योगदान दिलाउन सकिएको छैन ।
- नीतिगत रुपमा राजस्व प्रशासनमा विशिष्ट योग्यता, अनुभव, शिप र क्षमता भएका उच्च नैतिकवान, सद्चरित्रता भएका कर्मचारी विभागमा पठाउने नीतिगत स्वीकारोक्तिको अभाव छ ।
- राजस्व चुहावटका मुद्दा दायर गर्ने विशेषज्ञतायुक्त विशेष अदालतमा दायर गर्ने व्यवस्था नभई सामान्य अदालत (जिल्ला अदालत) मा दायर गर्ने व्यबस्था भएको । जसबाट ढिलो फैसला र सही फैसला दुबै हुन सकेको छैन ।
- स्थायी राजस्व प्रहरीको व्यवस्था कार्यान्वयन नहुदा कार्यान्वयन पक्ष फितलो भएको छ ।

**कानुनी समस्या**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा समयानकूल परिमार्जन संशोधनको आवश्यकता महसुस गरिएको छ । आर्थिक क्षेत्रमा नविनतम अवधारणा आएको, चुहावटका नयां नयां क्षेत्रहरु देखा परेको, आर्थिक उदारिकरण, विश्वव्यापीकरणले सिर्जना गरेका अवसर र चुनौतिलाई सामना गर्न सक्ने ऐनको अभाव रहेको ।

**मानव संसाधन**

विभागको समग्र उद्देश्य हासिल गर्न गतिशील साधन भनेको कर्मचारीहरु नै हुन् । तुलनात्मक रुपमा यस विभागका कर्मचारीहरुलाई वैदेशिक तालीम र शिक्षाको अवसर न्यून छ । व्यवसायिकतालाई अगाडि बढाउने, अनुसन्धान क्षमता भएका, उच्च आत्मसम्मान, मनोवलयुक्त दक्ष, सवल तथा उत्तरदायी कर्मचारी व्यवस्था अपेक्षा अनुरुप भएको अबस्था छैन । चाडो चाडो सरुवा हुने, राजस्व समूह भित्रै सरुवा भै रहने हुंदा कतिपय अवस्थामा अनुसन्धान छानवीन कार्य प्रभावकारी नहुन सक्छ । प्रहरी र सेनाबाट सरुवा भै आएका गस्तीतर्फका कर्मचारीहरुबाट पुनर्ताजगी तालीमको अभावले राम्रो परिणाम प्राप्त गर्न सकिएको छैन ।

**सूचना प्रणालीको न्यून प्रयोग**

राजस्व चुहावट नियन्त्रण गर्ने जस्तो संवेदनशील कार्यको लागि भरपर्दो सूचना संयन्त्रको आवश्यकता पर्छ । तर हालसम्मको अबस्थालाई हेर्दा प्रभावकारी सूचना प्रणाली विकास गर्न सकिएको

छैन र प्राप्त सूचनाको पनि न्यून प्रयोग भएको पाइन्छ । ढाटमा प्राप्त हुन आएका विजकहरुलाई चुहावट नियन्त्रणको लागि सूचना र प्रमाणको आधार बनाउनु पर्नेमा पूर्वाधार र कानुनी आधारका अभावमा सो हुन सकेको छैन । त्यस्तै अन्य निकायबाट, निजी क्षेत्रहरुबाट नियमित रुपमा सूचना प्राप्त गर्ने सूचना सञ्जालको विकास गर्न आवश्यक छ ।

**संगठनात्मक समस्या**

- संगठनात्मक स्वरुप अनुसन्धानमूलक एवं कार्यमूलक नभएको ।
- विशेषज्ञतामा आधारित अधिकृतमूल संरचनाको अभाव छ ।
- भौगोलिक तथा कार्यमूलक रुपमा राजस्व चुहावटका सबै क्षेत्रमा ध्यान दिन नसक्ने संगठनात्मक ढांचा ।
- चेकपोष्ट केन्द्रीत निम्न तहका कर्मचारीहरु संख्यात्मक रुपमा बढी रहेको ।

**प्रकृयागत समस्या**

- राजस्व अनुसन्धान विभागलाई कुन रुपमा अगाडि बढाउंदा बढी भन्दा बढी राजस्व परिचालनमा सहयोग पुग्दछ भन्ने दूरगामी सोचको अभाव ।
- Economic Intelligence को रुपमा कार्यमूलक संगठनात्मक संरचना बनाई अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन नसकिएको ।
- राजमार्गमा चेकपोष्ट खडा गरी उद्देश्यविहिन, उपलब्धि हिन कार्यमा सिमित श्रोत र साधन खर्चिएको ।
- आर्थिक क्षेत्रका जटिल, व्यापारिक छल, अन्तर्राष्ट्रिय व्यापार विचलनबाट, लेखा प्रणाली, कर योजना गरी गरिएको राजस्व चुहावट पत्ता लगाई नियन्त्रण गर्न उपयुक्त मानव संसाधन र सूचनाको अभाव रहेको ।
- भन्सार, आयकर, मू. अ. कर, अन्तःशुल्कका क्षेत्रमा भएका राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण गर्न स्पष्ट प्रकृयाको अभाव रहेको ।

**साधन र श्रोतको समस्या**

- पर्याप्त आर्थिक साधन नहुनु,
- सूचना प्रविधिको सदुपयोग गर्न नसक्नु,

- विशिष्ट योग्यता, अनुभव, शिप, क्षमता र तालीम प्राप्त मानव संसाधनको निरन्तर विकास र उपयोगको योजना तथा कार्यक्रमको अभाव,
- विभाग र अन्तर्गत कार्यालयका कर्मचारीहरुको कार्य प्रकृति हेर्दा जुनसुकै समयमा पनि कार्यालय काममा खटिनु पर्ने तर थप आर्थिक सुविधा नभएको कारण कर्मचारीहरुमा उत्प्रेरणा कम भएको ।

## अनुसूचिहरु

१. **राजस्व अनुसन्धान विभागको संगठनात्मक ढांचा,**

२. **राजस्व अनुसन्धान इकाई कार्यालयहरुको संगठनात्मक ढांचा,**

३. **विभाग र अन्तर्गत मौजूदा दरवन्दी विवरण,**

४. **विभाग र अन्तर्गत कार्यालयहरुबाट भएका राजस्व असुलीका तथ्यांक र तुलनात्मक विवरण,**

५. **विभागमा दर्ता र फैसला भएका मुद्धाहरुको तुलनात्मक विवरण** (भन्सार, विदेशी विनिमय र **राजस्व चुहावट** तर्फ),

६. **आ. ब. २०६३/६४ को मासिक कार्यगत लक्ष्य प्रगति विवरण** (इकाई कार्यालयहरु समेतको) ।

७. **आ. ब. २०६२/६३ र आ. ब. २०६३/६४ मा यस विभागबाट अनुसन्धान गरिएका फर्महरुको विवरण ।**